श्री

# बारा जिल्ला अदालत

## सवारी साधन लिलाम बिक्री गर्ने सम्बन्धि जरुरी सूचना

सूचना प्रकाशन मिति २०७५/०२/२१

बिभिन्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क र ९०ख तथा आर्थिक कार्यविधि नियमावली २०६४ समेत बमोजिम डाँक बढाबढ द्वारा एकमुष्ट लिलाम बिक्री गरिने भएकोले मिति २०७५/०२/१६ को आदेश र मिति २०७४।०३।२६ को मुल्यांकन समितिको निर्णयानुसार ईच्छुक व्यक्ति तथा फर्महरुबाट डाँक बढाबढको लागि आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सवारी साधनको विवरण

तपसिल

| सि.नं. | जिन्सी नं. | मुद्दा नं. | मुद्दा | जिन्सी सामानको बिबरण | सङ्ख्या | मोडेल नं./ईन्जिन नं./च्यसिस नं. | कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २८४ | 073-CR-177 ५०-०७३-०१७७८ | **लागु औषध गाजा** | ना.३ख ८६६ नं.को भाडा ट्रक | १ | मो.LPT1613TC/48(2005) ई.नं.50B62389142 चे.नं.388050BUZ106934 | रू.९२५०००/ {नौलाख पचिस हजार) | |
| २ | ,, | ,, | ,, | ना.३४प ६९३६ नं.को पल्सर रातो २२० सि.सी मोटरसाईकल | १ | मो.२०१५ ई.नं.DKZCFL-00252 चे.नं.MD2A13EZFCL-13101 | रू.१२००००/ {एक लाख बीस हजार) | |

१. लिलाम द्वारा बिक्री गरिने मिति समय र स्थानः- २०७५ साल आषाढ ११ गते दिउसो २.०० बजे देखि ३.०० बजे सम्म यस अदालतको तहसिल शाखा र सो दिन सार्वजनिक बिदा पर्न गए सो दिनपछि कार्यालय खुलेको दिन सोही समयमा र स्थानमा हुनेछ ।

२. लिलाममा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७५।०३।११ गते दिउसो २.०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत राखि निवेदन दस्तुर रु १०००।-(एक हजार) फिर्ता नहुने गरी यस अदालतको तहसिल शाखामा बुझाउनु पर्नेछ ।

३. निर्धारित समय सम्ममा निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने अन्य व्यक्ति वा फर्मलाई लिलाममा सहभागी गराईने छैन ।

४. लिलाममा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ । लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अंक कबूल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटी सोहि दिन फिर्ता गरिने छ ।

५. डाक सकार गरि लिने ब्यक्तिले ७ दिन भित्र आफूले कबूल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिबृद्दी कर र बाँकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले ७ दिन भित्र सामान उठाई लैजानु पर्नेछ । ७ दिन भित्र आफुले कबुल गरेको रकम र मुल्य अभिवृद्दी कर दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानुन बमोजिम जफत गरीनेछ ।

६. डाक सकार गरी लिएका सवारी साधनहरुको दर्ता नामसारी गर्दा प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर वा शुल्क लिलाम सकार गर्ने स्वयंले व्यहोर्नु पर्नेछ ।

७. कुनै पनि शर्त राखि लिलामा सहभागी हुन पाईने छैन र लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा निहित हुनेछ ।

८. यस सम्बन्धी थप कुराहरु बुझ्न परे कार्यालय समय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

०६८।१२।२९

तहसिलदार, शाखा अधिकृत

तहसिलदार
रा.प. तृतीय